नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

आर्थिक ऐन, २०८३ ले संशोधन गरेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ **कर छुट हुने वस्तु तथा सेवाहरू** अन्तर्गतको समूह ११: अन्य वस्तु तथा सेवाको खण्ड **(अ) मालवस्तुहरू** अन्तर्गत शीर्षक ४४.०१ मा उल्लिखित सबै मालवस्तुहरूमा कर छुट हुने नभई उक्त शीर्षक अन्तर्गतको **उपशीर्षक ४४०१.३२.०० मा** उल्लिखित **काठको ब्रिकेटहरू** मा मात्र मूल्य अभिवृद्धि कर छुट हुने सम्बन्धी सार्वजनिक सूचना।

आर्थिक ऐन, २०८३ ले संशोधन गरेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ **कर छुट हुने वस्तु तथा सेवाहरू** अन्तर्गतको समूह ११: अन्य वस्तु तथा सेवाको खण्ड **(अ) मालवस्तुहरू** अन्तर्गत शीर्षक ४४.०१ मा उल्लिखित सबै मालवस्तुहरूमा मूल्य अभिवृद्धि कर छुट हो कि? भन्ने सम्बन्धमा विभिन्न डिभिजन वन कार्यालयहरू, ब्रिकेट तथा पेलेट उत्पादन गर्ने उद्योगहरू, सरोकारवाला तथा सर्वसाधारणमा अन्योल र द्विविधा उत्पन्न भएको विषयमा विभागको ध्यानाकर्षण भएको छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम ऐ. ऐनको अनुसूची-१ मा रहेको चार अङ्कको HS Code को शीर्षकमा उल्लिखित वस्तु तथा सेवाहरूमा कर छुट हुने नभई उक्त शीर्षक अन्तर्गत उल्लेख भएको उपशीर्षक (आठ अङ्कको HS Code) मा उल्लिखित वस्तु तथा सेवा (आठ अङ्कको HS Code को उपशीर्षक अन्तर्गत नै एक वा सोभन्दा बढी वस्तु तथा सेवाहरू पर्ने भए तापनि स्पष्ट रुपमा किटानी भई उल्लेख भएको वस्तु तथा सेवा) मा मात्र कर छुट हुन्छ। आर्थिक ऐन, २०८३ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ **कर छुट हुने वस्तु तथा सेवाहरू** अन्तर्गतको समूह ११: अन्य वस्तु तथा सेवाको खण्ड **(अ) मालवस्तुहरू** अन्तर्गत शीर्षक ४४.०१ मा रहेको **"बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा(विलेट), हाँगाबिँगा वा दाउराको बाँधेको बिटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिनो टुक्राटाक्री(पार्टिकल): काठ चिरेको धुलो, काठको अवशेष र रद्दी वस्तु, मुढो, ब्रिकेट, पेलेट वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको"** अन्तर्गत उपशीर्षक ४४०१.३२.०० मा --**काठको ब्रिकेटहरू**लाई समावेश गरी उक्त उपशीर्षक ४४०१.३२.०० मा पर्ने "काठको ब्रिकेटहरू" लाई मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ। तसर्थ, आर्थिक ऐन, २०८३ ले संशोधन गरेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ **कर छुट हुने वस्तु तथा सेवाहरू** अन्तर्गतको समूह ११: अन्य वस्तु तथा सेवाको खण्ड **(अ) मालवस्तुहरू** अन्तर्गत शीर्षक ४४.०१ मा उल्लिखित सबै मालवस्तुहरूलाई कर छुट हुने नभई उक्त शीर्षक अन्तर्गतको **उपशीर्षक ४४०१.३२.००** मा उल्लिखित **काठको ब्रिकेटहरू** मा मात्र मूल्य अभिवृद्धि कर छुट हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ।